# तपाईंको नयाँ
# मिसनको समुदाय स्थापना गर्नु

## चरणहरू

1 **छान्नुहोस्**



कहाँ? येशूलाई चिन्न आवश्यक तपाईंको वरिपरिको समुदाय।



को? त्यस समुदायसँग तपाईंलाई जोड्ने शान्तिप्रिय मानिस



सँग? गुणा गर्नका लागि तिमोथीलाई तयार गर्ने

2 **देखाउनुहोस्**

१० जना वा सोभन्दा बढीको समूहलाई येशू फिल्म देखाउनुहोस् र तिनीहरूलाई येशूको बारेमा सिक्न फेरि आउनुहोस् भनेर निमन्त्रणा दिनुहोस्।






3 **सुरु गर्नुहोस्**

तीन तिहाइ ३/३ चेलापन तालिमको प्रक्रियाको प्रयोग गर्दै तपाईंको मिसनको समुदायसँगको भेला सुरु गर्नुहोस्

4 **गुणात्मक वृद्धि गर्नुहोस्**

तपाईंको तिमोथीलाई तिनीहरूका आफ्नै मिसनको समुदाय सुरु गर्न पठाउनुहोस्।



## मुख्य सर्तहरू

### शान्तिप्रिय मानिस

सबैबाट आदार पाएको, आत्मिक रूपमा चासो देखाउने र *येशू* फिल्म देखाउन साथीभाइ तथा परिवारलाई बोलाउन इच्छुक व्यक्ति। (लूका १०:६)

### तिमोथी

त्यो विश्वासी जसलाई सिकाउन सकिन्छ, जो विश्वासयोग्य छ र मिसनको समुदायको गुणात्मक वृद्धिका लागि उपलब्ध छ। (तिमोथी २:२)

### मिसनको समुदाय

संयुक्त परिवार आकारको एउटा आत्मिक समुदाय जो नयाँ आत्मिक समुदायहरू सुरु गरेर गुणात्मक रूपमा वृद्धि हुन्छ र सो कार्य गर्छ।

Jesus Film Project® A Cru Ministry

**येशूलाई चिन्नु**

# ३/३ मिसनको समुदाय भेलाको लागि चेलापन संरचना

## पछाडि हेर्नु

पछाडि हेर्नुको अर्थ परमेश्वरको विश्वसनीयतामा र एक-अर्काका वृद्धिमा आनन्दित हुँदै एक-अर्काका हेरविचार गरेर समुदायको निर्माण गर्नु भन्ने हुन्छ।

### वास्ता

आफ्नो जीवनबाट (स्वास्थ्य समस्याहरू, परिवार, आर्थिक कुराहरू, आत्मिक आवश्यकताहरू) बाँड्नुहोस्।

### आराधना

भजन, सङ्गीत, नृत्य वा गवाही दिएर परमेश्वरको प्रशंसा गर्नुहोस्।

### दर्शन बाँड्नु

कसरी तपाईं येशूको अझै राम्रो चेला हुन सक्नुहुन्छ र ख्रीष्टका लागि अरूहरूकहाँ पुग्न तपाईंको समुदायले के गर्न सक्छ भनेर बताउनुहोस्।

### जवाफदेही हुनु

कसरी तपाईं परमेश्वरको वचन पालना गर्दै र चेला बनाउँदै हुनुहुन्छ भनेर बताउनुहोस्।

## माथि हेर्नु

माथि हेर्नुको अर्थ एक साथ मिलेर परमेश्वरबाट सुन्नु हो। तपाईंको ट्यावलेट वा स्मार्टफोनको प्रयोग गरेर येशू फिल्मको अर्को क्लिप हेर्नुहोस् र त्यस विषयमा छलफल गर्नुहोस्।

### चरणहरू

1. **देखाउनुहोस्:** यो खण्डलाई दुई पटक हेर्नुहोस्। × 2
2. **बताउनुहोस्:** समूहको एक जनालाई उसको आफ्नै शब्दहरूमा त्यस खण्डको कथाको विषयमा बताउन अनुरोध गर्नुहोस्।।
3. **पूरा गर्नुहोस्:** समूहलाई कथाका अधुरो पाटोलाई भर्न वा कुनै सुधारहरू छन् भने सो गर्न दिनुहोस्।।
4. **छलफल:**
   - यो कथाको कुन कुरा तपाईंलाई सबैभन्दा बढी मन पर्‍यो?
   - यस खण्डमा परमेश्वरको बारेमा हामी के सिक्न सक्छौं?
   - यस खण्डमा मानव जातिको बारेमा हामी के सिक्न सक्छौं?
   - के त्यहाँ पालना गर्नुपर्ने कुनै सिद्धान्त वा आज्ञा छ?
   - के त्यहाँ त्याग्नुपर्ने कुनै पाप छ?
   - के त्यहाँ अनुसरण गर्नुपर्ने कुनै उदाहरण छ?

## अगाडि हेर्नु

अगाडि हेर्नुको अर्थ पाठलाई कार्यान्वयन गर्दै, कथाको अभ्यास र सबै जना एकसाथ मिलेर प्रार्थना गर्दै मिसनको लागि तयार गर्नु भन्ने हुन्छ।

### कार्यान्वयन

- आज हामीले सिकेका कुराहरूप्रति तपाईंले कसरी प्रतिक्रिया दिएको परमेश्वर चाहनुहुन्छ भनी तपाईंले के विश्वास गर्नुहुन्छ भन्ने कुरा तपाईंको समूहलाई बताउनुहोस्।
- तपाईंको समुदायमा यो कथा सुन्न आवश्यक रहेको व्यक्तिको बारेमा विचार गर्नुहोस्।

### अभ्यास

- एक-अर्कालाई कथा सुनाउनुहोस्।

### निमन्त्रणा

- अरूहरूलाई आजको कथा सुनाउनुहोस् र तपाईंको अर्को समूहको भेलामा आउन तिनीहरूलाई निमन्त्रणा दिनुहोस्।

### प्रार्थना

- हामीले सिकेका कुराहरू लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्
- हाम्रो समुदायका अरू व्यक्तिहरूका लागि प्रार्थना गर्नुहोस्
- हाम्रो समूहका एक-अर्काका लागि प्रार्थना गर्नुहोस्।